# क्रूसको सन्देश



जुलाई ११, २०२६ का लागि पाठ २


“किनभने नष्ट भई जानेहरूका निम्ति क्रूसको
सन्देश मूर्खता हो, तर हामी उद्धार पाउनेहरूका
निम्ति यो परमेश्वरको सामर्थ्य हो।" (१
कोरिन्थी १:१८)

**१ कोरिन्थी १:१७-३१ ले क्रूसले मानिसहरूको जीवनमा कसरी प्रभाव पार्छ भन्ने कुराको चर्चा गर्दछ।**

विश्वासीहरूका लागि क्रूस उद्धार (मुक्ति) को प्रतीक हो। तर पहिलो शताब्दीमा बस्ने मानिसहरूका लागि क्रूसले केवल एक अपराधीको शर्मनाक मृत्युलाई मात्र जनाउँथ्यो।

क्रूसमा मरेका र पछि बौरिउठेका व्यक्तिद्वारा उद्धार? मानिसहरूका लागि यो मूर्खता, निरर्थक र कमजोरी हो। तर हामीमध्ये जसले पवित्र आत्माको बोलावटमा आफ्नो हृदय खोलेका छौं, हाम्रा लागि क्रूस "परमेश्वरको सामर्थ्य, [...] बुद्धि, धार्मिकता, पवित्रीकरण र छुटकारा" हो (१ कोरिन्थी १:१८, ३०)।








- परमेश्वरको बुद्‌धि
- क्रूसको पागलपन (मूर्खता)
- परमेश्वरको सामर्थ्य वा शक्ति
- क्रूसको सन्देश
- परमेश्वरको मूर्खता र कमजोरी


# परमेश्वरको बुद्धि



"तर बोलाइएकाहरूका निम्ति, चाहे यहूदी हुन् वा ग्रीक, ख्रीष्ट परमेश्वरको सामर्थ्य वा शक्ति र परमेश्वरको बुद्धि हुनुहुन्छ।" (१ कोरिन्थी १:२४)

एथेन्समा, पावलले बुद्धिमान मानिसहरूलाई मनाउन मानव बुद्धिको प्रयोग गरेका थिए। त्यसपछि, उनले केवल ईश्वरीय बुद्धि मात्र प्रयोग गर्ने निर्णय गरे।

परमेश्वर आफैले उनलाई आफ्नो सन्देश प्रचार गर्न पठाउनुभएको थियो, "बुद्धिका वाक्पटुताद्वारा होइन, नत्रता ख्रीष्टको क्रसको शक्ति व्यर्थ हुनेथियो" (१ कोरिन्थी १:१७)।



पावलले प्रचार गरेको ईश्वरीय बुद्धि के हो?

परमेश्वरको बुद्धिले "बुद्धिमानहरूको बुद्धिलाई नष्ट पारिदिन्छ"; यसले "चतुरहरूका समझलाई खारेज गरिदिन्छ" (१ कोरिन्थी १:१९); र "यस संसारको बुद्धिलाई मूर्ख तुल्याइदिएको छ" (१ कोरिन्थी १:२०)।

सम्पूर्ण मानव तर्कको विपरीत, परमेश्वरको बुद्धि "प्रचारको मूर्खताद्वारा विश्वासीहरूलाई उद्धार गर्नुमा" रहेको छ (१ कोरिन्थी १:२१)।



# क्रूसको पागलपन



""तर हामी त क्रूसमा टाँगिनुभएका ख्रीष्टको प्रचार गर्दछौं, जो यहूदीहरूका निम्ति ठेस लाग्ने कुरा र गैर-यहूदीहरू (अन्यजातिहरू) का निम्ति मूर्खता हो।" (१ कोरिन्थी १:२३)



ग्रीक शब्द mōria (पागलपन, मूर्खता, बेवकुफी) १ कोरिन्थीमा पाँच पटक प्रयोग गरिएको छ

. "नष्ट भई जानेहरूका निम्ति क्रूसको सन्देश मूर्खता हो" (१ कोरिन्थी १:१८)

. "प्रचारको मूर्खताद्वारा विश्वास गर्नेहरूलाई उद्धार गर्न परमेश्वर प्रसन्न हुनुभयो" (१ कोरिन्थी १:२१)

"क्रूसमा टाँगिनुभएका ख्रीष्ट, [...] गैर-यहूदीहरूका निम्ति मूर्खता हो" (१ कोरिन्थी १:२३)

""क्रूसमा टाँगिनुभएका ख्रीष्ट, [...] गैर-यहूदीहरूका निम्ति मूर्खता हो" (१ कोरिन्थी १:२३)

. "किनभने यस संसारको बुद्धि परमेश्वरको दृष्टिमा मूर्खता हो" (१ कोरिन्थी ३:१९)

क्रस तिनीहरूका लागि मूर्खता हो जो हराएका छन्; जसले परमेश्वरलाई चिन्दैनन् (अन्यजातिहरू); जसले यस संसारको बारेमा मात्र सोच्छन् (सांसारिक मानिस); र जो केवल आफ्नै बुद्धिद्वारा निर्देशित हुन्छन्।

तर क्रस उद्धार पाउनेहरूका लागि आशिष् हो, अर्थात् तिनीहरूका लागि जो क्रूसलाई परमेश्वरको दृष्टिकोणबाट हेर्न तयार छन्।

# परमेश्वरको सामर्थ्य वा शक्ति


""किनभने नष्ट भई जानेहरूका निम्ति क्रूसको सन्देश मूर्खता हो, तर हामी उद्धार पाउनेहरूका निम्ति यो परमेश्वरको सामर्थ्य हो।" (१ कोरिन्थी १:१८)

**क्रूससँग मानिसको सबैभन्दा खराब पक्ष र परमेश्वरको सबैभन्दा उत्तम पक्ष देखाउने सामर्थ्य छ (१ कोरिन्थी १:१८)।**

| **मानिसको सबैभन्दा खराब पक्ष** | परमेश्वरको सबैभन्दा उत्तम पक्ष |
|---|---|
| **पागलपन (मूर्खता)** | **सामर्थ्य (शक्ति)** |
| **अस्वीकार** | **स्वीकार** |
| **आत्म-विनाश** | **क्षमा** |
| **विनाश (सत्यानाश)** | उद्धार (मुक्ति) |

क्रूसलाई अस्वीकार गर्नेहरूले आफ्ना गलत कामहरूको परिणाम भोग्छन्, र अन्ततः उनीहरूले अस्वीकार गरेकै परमेश्वरद्वारा नष्ट हुनेछन्।

क्रूसमा देखाइएको परमेश्वरको सामर्थ्यले मानिसका सबै पापहरु क्षमा गरेर उसलाई परमेश्वरसँग मिलाप गराउन र उसलाई अनन्त जीवन प्रदान गर्न सक्षम छ (कलस्सी १:२०; १ पत्रुस २:२४)।







# क्रूसको सन्देश

"किनभने जब परमेश्वरको बुद्धिमा संसारले आफ्नो बुद्धिद्वारा परमेश्वरलाई चिनेन, तब प्रचारको मूर्खताद्वारा विश्वास गर्नेहरूलाई उद्धार गर्न परमेश्वर प्रसन्न हुनुभयो।" (१ कोरिन्थी १:२१)

**क्रूसको सन्देश प्रचार गर्नु किन मूर्खता हो (१ कोरिन्थी १:२१-२४)?**

यहूदीहरू रोमी थिचोमिचोबाट मुक्त गराउने मसीहको पर्खाइमा थिए। जब येशूले आफू क्रूसमा टाँगिने कुरा घोषणा गर्नुभयो, उहाँका आफ्नै चेलाहरू त्रसित भए। यसबाहेक, एक यहूदीका लागि रूखमा झुन्ड्याइएको मानिस परमेश्वरद्वारा श्रापित व्यक्ति हुन्थ्यो (व्यवस्था २१:२३)। मुक्तिदाताको अपेक्षा समेत नगरेका गैर-यहूदी (अन्यजाति) का लागि पनि निष्कर्ष उस्तै थियोः क्रूस एक पागलपन हो।

तथापि, स्वर्गदूतहरूका लागि क्रूसको सन्देश पूर्ण रूपमा फरक थियो। येशू, जसलाई उनीहरूले स्वर्गमा चिनेका थिए, उहाँले आफूलाई अस्वीकार गर्ने मानव जातिको प्रेमका लागि आफैलाई मारिन दिनुभयो। पावलले आफ्नो प्रचारद्वारा यही दृष्टिकोण बुझाउन चाहन्थे।

क्रूसको सन्देशले यो देखाउँछ कि परमेश्वर हामीलाई उद्धार प्रदान गर्नका लागि कतिसम्म तल ओर्लन तयार हुनुभयो।

# परमेश्वरको मूर्खता र कमजोरी



"किनभने परमेश्वरको मूर्खता मानिसको बुद्धिभन्दा बढी बुद्धिमान् हुन्छ, र परमेश्वरको कमजोरी मानिसको बलभन्दा बढी बलियो हुन्छ।" (१ कोरिन्थी १:२५)

**के परमेश्वर कुनै पनि रूपमा मूर्ख वा कमजोर हुनुहुन्छ (१ कोरिन्थी १:२५)?**

पक्कै पनि हुनुहुन्न, किनकि परमेश्वरमा कुनै त्रुटि हुँदैन। पावलले यहाँ केवल एक प्रतिकात्मक तुलना गरिरहेका छन्: यदि परमेश्वरमा कुनै मूर्ख विचार हुन्थ्यो भने पनि, त्यो मानिसको सबैभन्दा बुद्धिमान विचारभन्दा बढी बुद्धिमान हुनेथियो; वा यदि परमेश्वरमा कुनै कमजोर तर्क हुन्थ्यो भने, त्यो मानिसको सबैभन्दा बलियो तर्कभन्दा धेरै बलियो हुनेथियो।



संसारका सबैभन्दा बुद्धिमान मानिसहरूबाट संकलन गरिएको सम्पूर्ण बुद्धि पनि मानव जातिको लागि उद्धारको योजना परिकल्पना गर्न असमर्थ छ।

केवल परमेश्वर मात्र क्रूसमा चढाइएको येशूको बलिदानको सामर्थ्यद्वारा "उद्धार पाउनेहरूका निम्ति" (१ कोरिन्थी १:१८); "विश्वासीहरूका निम्ति" (१ कोरिन्थी १:२१); र "बोलाइएकाहरूका निम्ति" (१ कोरिन्थी १:२४) छुटकारा दिन सक्षम हुनुभएको छ।



ध्यान दिनुहोस् कि केवल तिनीहरूले मात्र उद्धार पाउनेछन् जसले पवित्र आत्माको बोलावटको जवाफमा येशूमाथि विश्वास गर्छन्।

"आजको समयमा बाँचिरहेका अनगिन्ती मानिसहरूको मनमा कलवरीको क्रूस पवित्र सम्झनाहरूले घेरिएको छ। क्रूसको घटनासँग पवित्र सम्बन्धहरू जोडिएका छन्। तर पावलको समयमा क्रूसलाई घृणा र त्रासको भावनाले हेरिन्थ्यो। क्रूसमा मृत्यु भोगेका व्यक्तिलाई मानव जातिको मुक्तिदाताको रूपमा प्रस्तुत गर्नुले स्वाभाविक रूपमा उपहास र विरोध निम्त्याउँथ्यो। [...]

क्रूसको मानव जातिको उन्नति वा उद्धारसँग कुनै सम्बन्ध हुन सक्छ भनी देखाउन खोजेकोमा उनलाई कमजोर दिमाग भएको (मूर्ख) मानिन्थ्यो।

तर पावलका लागि क्रूस नै सर्वोच्च चासोको एकमात्र विषय थियो। [...] उनलाई व्यक्तिगत अनुभवबाट थाहा थियो कि जब एक पापीले आफ्नो पुत्रको बलिदानमा देखाइएको पिताको प्रेमलाई नियाल्छ र ईश्वरीय प्रभावको अगाडि आत्मसमर्पण गर्दछ, तब हृदय परिवर्तन हुन्छ, र त्यसपछि ख्रीष्ट नै सबैथोक र सबैमा हुनुहुन्छ।

एलेन जी. ह्वाइट, द एक्ट्स अफ द एपोस्टल्स, पृष्ठ २४५